# दुल्लू नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## दुल्लू, दैलेख
### कर्णाली प्रदेश नेपाल

दुल्लू नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुल्लू, दैलेख
२०७३

मिति : २०७५/१०/२३

## होमस्टे दर्ता गर्ने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा कर्णाली प्रदेशको 'होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५' को दफा ४ अनुसार यस नगरपालिका भित्र होमस्टे सञ्चालन गर्न चाहने व्यक्ति तथा समुदायहरुले देहायका कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयबाट प्राप्त हुने निवेदन भरी दर्ताको लागि नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नहुन सूचित गरिन्छ ।

**आवश्यक कागजातहरु:**

१. सामुदायिक होमस्टेको हकमा कम्तिमा दुई जना घरधनीले आ-आफ्नो घरमा सामूहिक रुपमा होमस्टे सञ्चालन गर्न सहमत भएको लिखित प्रतिवद्धता र होमस्टे व्यवस्थापन समितिको निर्णय प्रतिलिपि

२. सम्बन्धित वडा कार्यालयको सिफारिस,

३. जग्गाधनी प्रमाण पूर्जा वा पैतृक सम्पत्ती यकिन हुने प्रमाण वा मञ्जुरीनामा वा भाडामा लिएको भए सोको सम्झौताको प्रतिलिपि,

४. होमस्टे संचालकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

५. पर्यटन प्रवर्द्धन, होमस्टे तथा होटल व्यवस्थापन सम्बन्धी कुनै तालिम प्राप्त गरेको भए सोको प्रमाणपत्र,

६. होमस्टे संचालनको उद्देश्य, स्थानीय उत्पादन, स्थानीय बसोबास तथा सांस्कृतिक विवरण हेर्न सकिने प्राकृतिक, धार्मिक तथा अन्य आकर्षणहरुको विवरण,

७. प्रमुख केन्द्रबाट पुग्ने मार्गको विवरण तथा दुरी, बिजुली तथा वैकल्पिक उर्जा, खानेपानी आपूर्ती प्रणाली, शान्ति सुरक्षा आदिको विवरण,

८. उपलब्ध हुने सेवा तथा खानाको मेनु,

९. नगरपालिकामा रु १०० तिरेको नगदी रसिद ।

प्रमुख प्रशासकीय अधिकृत

..............................

(तेजराज शर्मा)

प्रमुख प्रशासकीय अधिकृत